आज मिति २०८२।०५।१९ गते बिहिवारका दिन यस सबैला नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवको अध्यक्षतामा देहायका बिषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको कार्यालयमा बसेको कार्यपालिकाको बैठकमा देहाय अनुसार उपस्थित भयो ।

उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री कारीराम यादव | | |
| २ | उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश पुर्वे | | |
| ५ | सदस्य | श्री ताहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राजकुमार साह | | |
| १३ | सदस्य | श्री सरोज यादव | | |
| १४ | सदस्य | श्री रामनारायण अधिकारी | | |
| १५ | सदस्य | श्री  देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनीता देवी यादव | अनिता | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | सिता | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | Rinki | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | ललिता | |
| २३ | सदस्य | श्री सकिला खातुन | सकिला | |
| २४ | सदस्य सचिव | श्री सविर कुमार महतो | | |

आमन्त्रित : १ वीरेन्द्र लाल कर्ण प्रशासन शाखा

**प्रस्ताव नं १ – नगर शिक्षकको म्याद थप गर्ने सम्बन्धमा।**

**निर्णय** – यस सबैला नगरपालिकाको नगर शिक्षक व्यवस्थापन कार्यविधि २०८१ अनुसार छनोट भई नगर कार्यपालिकाको कार्यालयबाट नियुक्ति पाएर विभिन्न विद्यालयमा पदस्थापन भएका नगर शिक्षकहरुको म्याद मिति २०८३ असार मसान्त सम्म थप गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं २ – संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको निरन्तरता सम्बन्धमा।**

**निर्णय** – गत आ.व २०८१।०८२ मा यस नगरपालिका अन्तर्गतका विद्यालयमा प्रदान गरिएको आधारभूत तह कक्षा (६-८) को अंग्रेजी, गणित र विज्ञान विषयको संघीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकहरुलाई सम्बन्धित विद्यालयहरुमै मिति २०८३ असार मसान्तसम्मका लागि निरन्तरता दिने निर्णय पारित गरियो।

**प्रस्ताव नं ३ – तलब भत्ताको थप रकम निरन्तरता गर्ने सम्बन्धमा।**

**निर्णय** – यस सबैला नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक तथा धार्मिक विद्यालयमा कार्यरत लेखा सहायक, बालविकास सहजकर्ता र विद्यालय सहयोगीलाई संघीय सशर्त अनुसारको तलब भत्ताको मासिक रकममा यस नगर कार्यपालिकाको कार्यालयबाट विगत आ.व मा थप उपलब्ध गराइएको (लेखा सहायक, बालविकास सहजकर्ता र विद्यालय सहयोगीको क्रमशः ५०००।-, ८०००।-, ७०००।-) मासिक तलबभत्ताको रकमलाई चालु आ.व २०८२।०८३ मा समेत निरन्तरता दिने निर्णय पारित गरियो।

